**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**

सुर्खेत । ०७७ वैशाख ९ गते

कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधिमार्फत् प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका** अनुसार लकडाउनका कारण घर जान हिंडेका पैदल यात्रुहरुलाई लायन्स क्लव अफ दैलेखले तीन दिनदेखि चुप्रामा खाना प्रवन्ध गरेको छ । सुर्खेतबाट दैलेख, कालिकोट, जुम्ला हुम्ला र मुगु जान हिंडेकालाई खानाको प्रबन्ध गरिएको लायन्स क्लव ३२५ व्याच दैलेखका अध्यक्ष नरेन्द्र केसीले बताउनुभयो ।

पैदल यात्रुहरुले बाटोमा खाना खान नपाएर समस्या भोगेको जानकारीका आधारमा लायन्स सदस्यहरुले १ लाख रुपैंयाँ उठाएर खानाको व्यवस्था गरिएको र पछि पनि यसलाई निरन्तरता दिइने लायन्सका पूर्व अध्यक्ष वासना थापाले जानकारी दिनुयो ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेश श्रेष्ठका अनुसार** लकडाउनमा औषधी पसलहरु बन्द भएको र खुलेकामा पनि औषधी नपाएपछि मुटुरोग, ब्लडप्रेसर, सुगर लगायतका दिर्घरोगीहरु समस्यामा परेका छन् ।

औषधी ढुवानी गर्न नसक्दा अभाव भएको र दिर्घरोगीले खाने अत्यावश्यक औषधीका साथै अन्य औषधी पनि सकिएको सदरमुकाममा मेडिकल गर्दै आएका रत्नबहादुर घर्तीले बताउनुभयो ।

छेडागाडको थलहमा रहेको डेभिड मेडिकलका संचालक अर्जुन अधिकारीका अनुसार एल्पाइन, सिरप वेटा-२, भ्यान्टिफिलाइन फोर्ट टेबलेट, सेनिटाइजर, मास्क, सिटामोल, ब्रोफलम, जीवनजल लगायतका औषधी सकिएको हो ।

जिल्ला अस्पतालमा रहेको फार्मेसीमा समेत दिर्घरोगीले प्रयोग गर्ने औषधी नभएपछि आफूहरु समस्यामा परेको कैलाससिंह खत्रीको गुनासो छ ।

यस विषयमा प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले औषधी अभाव भएका मेडिकल संचालकहरुले सम्पर्क गरेमा ढुवानीका लागि पासको व्यवस्था गर्न सकिने बताउनुभयो । जाजरकोटमा करीव ५ सय निजी मेडिकल भएपनि कोरोनाको कारण २५-३० ओटा मात्र खुलेका छन् ।

यसैबीच काठमाडौं भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट लगायतका जिल्लामा अलपत्र परेका जाजरकोटका मजदुरहरुलाई जिल्ला पठाइएको छ ।

प्रतिनिधि सभा सदस्य तथा नेपाल सरकारका वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेत, नेकपा युवा नेता निरज आचार्य, विद्यार्थी नेता नारायण घर्ती लगायतको पहलमा मजदुर र विद्यार्थी करिब ४ सय ४१ जनालाई बैशाख ८ गते सात वटा बसमा काठमाडौंबाट जाजरकोट पठाइएको नेता निरज आचार्यले जानकारी दिनुभयो । साथै बैशाख ९ गते पनि दुई वटा बसमा काभ्रे, दोलखा र काठमाडौंमा रहेका करिब सय जनालाई जाजरकोट पठाउने तयारी गरिएको आचार्यले बताउनुभयो ।

यस्तै नवलपरासीबाट आएका बारेकोट गाउँपालिका-जिरीका ४ जनालाई क्वारेन्टाइनमा राखिएको छ । सोमबार गाउँपालिका भित्र प्रवेश गरेका उनीहरुलाई क्वारेन्टाइनमा राखिएको स्वास्थ्य शाखा प्रमुख वीरराज सिंहले जानकारी दिनुभयो ।

**इन्सेक रुकुम पशिचम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** जिल्लाका ६ वटै स्थानीय तहले जिल्ला बाहिर अलपत्र परेका मजदुरहरुलाई घरसम्म ल्याउन पहल थालेका छन् ।

अलपत्र परेका व्यक्तिहरुले रुकुम पश्चिमबाट निर्वाचित प्रतिनिधिसभा सदस्य जनार्दन शर्माका स्वीकय सचिव श्रीकुमार कठायत र सम्बन्धित गाउँ तथा नगरपालिकाका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षहरुसँग सम्पर्क गर्न सबै स्थानीय तहले अनुरोध गरेका छन् । सम्पर्कमा गएका व्यक्तिहरुलाई उद्धार गरी घरसम्म ल्याउने काम भैरहेको र त्यस क्रममा उनीहरुलाई कोरोना भाइरस नियन्त्रणका लागि अपनाउनुपर्ने सबै सुरक्षात्मक उपाय अनिवार्य रुपमा अपनाउन समेत आग्रह गरिएको छ ।

त्यसैगरी मुसिकोट नगरपालिकाले तरकारी, मासु, अण्डा तथा अन्य खाद्यजन्य वस्तुहरु आपुर्ति गर्ने प्रयोजनको लागि मुसिकोट खलंगा स्थित खड्का फलफूल तथा तरकारी पसल, भवानी फलफूल तथा तरकारी पसल र मासु तथा अण्डाजन्य वस्तुका लागि विष्ट पोल्ट्रि फिड एण्ड सप्लायर्सलाई अनुमति दिने निर्णय गरेको छ । खाद्यवस्तु तथा अन्य आवश्यक वस्तुहरुको लागि बिहान ७ देखी ९ बजेसम्म र तरकारीजन्य वस्तुहरुको लागि बेलुकी ५ देखि ६ बजेसम्म पसल खुल्ला रहने मुसिकोट नगरपालिकाका उपप्रमुख प्रेमकुमारी सुनार केसीले जानकारी दिनुभयो ।

यस्तै कोरोना भाइरस नियन्त्रण रोकथाम तथा उपचारको लागि चौरजहारी नगरपालिकाले स्वयंसेवक छनोट गरेको छ । कोरोना भाइरस सम्बन्धी जनचेतनाका कार्यक्रम टोलटोलमा पुऱ्याउन सहयोग पुग्ने उद्देश्यले स्वयंसेवक छनोट गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबहादुर केसीले जानकारी दिनुभयो ।

साथै जिल्लाका चारवटा स्थानीय तहमा बाँकी रहेका व्यक्तिहरुमा द्रुत परीक्षण भएको छ । चौरजहारी नगरपालिकामा ४८, सानीभेरी गाउँपालिकामा १२, त्रिवेणी गाउँपालिकामा पाँचजना र बाँफीकोट गाउँपालिकामा १८ गरी जम्मा ८३ जनाको द्रुत परीक्षण भएको र सवैजनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य सेवा कार्यालयका कोरोना भाइरस रोकथाम तथा नियन्त्रण फोकल पर्सन ईश्वर रावलले बताउनुभयो ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** कोरोना त्रासले छाँयानाथ रारा नगरपालिका–२ ले चैत्र ८ गते देखि सदरमुकाम गमगढी जोड्ने मूल सडकमा ग्याविन तारको बार लगाएर आवत जावतमा बन्देज गरेको छ ।

सदरमुकाम गमगढी जोड्ने बालै–गमगढी सडक खण्डको चैना गाँउमा सदरमुकाम गमगढी आवत जावत र आफनो वडा भित्र समेत कोही पनि प्रवेश गर्न नमिल्ने गरी प्रवेशद्वारमा रहेको चारा चौर र गाँउ अन्त्य हुने फाटा चैनामा ग्याबिन तारको बार लगाएर आवत जावतमा रोक लागाएको छाँयानाथ रारा नगरपालिका–२ का वडा अध्यक्ष परेकाराज चौलागाईले जानकारी दिनु भयो ।

यस्तै जिल्लाका चार स्थानीय तहमध्ये छायाँनाथ रारा नगरपालिकाले अध्ययन, नोकरी, उपचार तथा अन्य कामको सिलसिलामा लकडाउनका कारण घर फर्कन नपाएकालाई उद्धार गर्न लागेको छ ।

कणाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट नगरपालिकालाई पास प्राप्त भैसकेकाले सम्भवत बुधबारसम्म नेपालगञ्ज र सुर्खेतबाट अलपत्र परेका नगरवासीलाई उद्धार गरिसक्ने र काठमाडौंमा अलपत्र परेकाहरुको लगत, सम्पर्क नम्बर संकलन गर्ने काम भैरहेको नगरप्रमुख हरिजंग शाहीले बताउनुभयो ।

लकडाउन लम्बिएपछि वेखर्ची भएका मुगालीहरु काठमाडौं, नेपालगञ्ज र सुर्खेतबाट पैदल हिडेर आएका छन । घर पुग्न हिडेकाहरु सुर्खेतको छिन्चु, बबई, दैलेखको डुङ्गेश्वर, राकम, छेडागाड, साथै कालिकोटको नाग्म र मान्ममा अलपत्र परेका छन् ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** जिल्लाका सबै स्थानीय तहमा द्रुत परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
भारत र देशका अन्य भागबाट फर्केर आएर क्वारेन्टाइन र सेल्फ क्वारेन्टाईनमा बसेका एक सय जनाको परीक्षण गरेको स्वास्थ्य सेवा कार्यालय हुम्लाका प्रमुख प्रेमबहादुर सिंहले बताउनुभयो ।
यस्तै जिल्ला सदरमुकाम सिमकोटबाट ४४ कोष टाढा पर्ने ताँजाकोट गाउपालिकामा बसोबास गर्ने २ सय ९६ दलित घरपरिवारलाई खाद्यान्न वितरण गरिएको छ । नेपाल तरुण दल हुम्लाका पूर्व उपाध्यक्ष एवं व्यवसायी तिलक शाहीले व्यक्तिगत पहलमा प्रति घर ५ किलोका दरले १४ क्विन्टल ८० किलो चामल वितरण गर्नुभएको हो ।
यसैबीच राष्ट्रिय बाणिज्य बैंक सिमकोट शाखाले ४० हजार रुपैया जिल्ला विपद व्यवस्थापन कोषमा उपलब्ध गराएको छ । बैशाख ८ गते शाखाका प्रमुख सबिता शाहीले प्रमुख जिल्ला अधिकारी बिनिता भट्टराईलाई बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत ४० हजार रुपियाँको चेक हस्तान्तरण गर्नुभएको हो ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** भारतमा मजदुरी गरेर फर्केका कोरोनाको आशंका गरिएका व्यक्तिको रिपोर्ट नेगेटिभ आएको छ । जगदुल्ला गाउँपालिकाका ९ जनाको द्रुत परीक्षण गरिएको थियो ।
जिल्ला स्वास्थ्य सेवा कार्यालयबाट डाक्टर मछिन्द्र बडुवालको संयोजकत्वमा  सबै स्थानीय तहमा पुगेर कोरोना आशंका भएका व्यक्तिहरुको परीक्षण गर्न पहिलो चरणमा जगदुल्ला गाउँपालिकामा पुगेको मोवाइल घुम्ती टोलीले ९ जनाको आरडिटी परिक्षण गरेको जिल्ला स्वास्थ्य सेवा कार्यालयका डाक्टर सिजन रावलले बताउनु भयो ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** जिल्लाको महावै गाउँपालिकाले कारोना भाइरस नियन्त्रणका लागि गाउँपालिका अध्यक्ष नन्दबहादुर सिंहको संयोजकत्वमा ११ सदस्यीय विपद व्यवस्थापन समिति गठन गरेको छ । उपाध्यक्ष मनराज शाहीका अनुसार गाउँपालिकाको १५ लाख र प्रदेश सरकारको १५ लाख गरि ३० लाखको विपद व्यवस्थापन कोष स्थापना गरिएको छ ।
यस्तै जिल्लाको विभिन्न स्थानमा बैशाख ९ गतेसम्म भारत लगायत अन्य देशवाट आएका १४ महिला र २ सय ९६ पुरुष गरी जम्मा ३ सय १० जनाको द्रुत परिक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय कालिकोटका सूचना अधिकारी कटक महतले जानकारी गराउनुभयो ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** द्रुत परीक्षणमा पोजेटिभ रिपोर्ट देखिएका युवाको पिसिआर परिक्षण भने नेगेटिभ आएको छ । शारदा नगरपालिका १ शितलपाटीमा गरिएको परीक्षणमा रिपोर्ट पोजेटिभ देखिएपछि पिसिआर जाँचका लागि स्वाब संकलन गरी सुर्खेत पठाइएको थियो ।
यस्तै मजदुरीका लागि काठमाडौं उपत्यकाका विभिन्न इँटा भट्टामा अलपत्र परेका झण्डै ५ सय मजदुरको उद्धार गरिएको छ । लकडाउनका कारण खान बस्न समस्या भइ अलपत्र भएका उनीहरुको जिल्लाका नेताहरुको पहलमा उद्धार गरि घर फर्काइएको हो ।
लकडाउनको २८ दिनपछि बैशाख ८ गते राती बालबालिका, महिला सहित ४ सय २३ जनाको उद्धार गरि सल्यान पठाइएको कर्णाली प्रदेशका अर्थ मन्त्री प्रकाश ज्वालाले बताउनुभयो ।

यसैगरी इँटाभट्टामा काम गर्ने सल्यान कपुरकोट गाउँपालिकाका २२, शारदा नगरपालिका वडा नम्बर १४ ढाँरकानीका १८, सिद्धकुमाख गाउँपालिकाका ६ र कुमाख गाउँपालिकाका १० गरी ५६ जनालाई दुईवटा गाडीमा राखेर चैत ८ गते काठमाडौंबाट सल्यान पु¥याइएको प्रदेश सांसद गुलावजंग शाहले बताउनुभयो । यसैगरी सोमबार नै तनहुँको हाईड्रोपावरमा काम गर्न गएका २३ जनाको पनि उद्धार गरिएको छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** उच्च अदालत सुर्खेत, जुम्ला इजलासले म्याद नाघेको नुन वितरण नगर्न नगराउन आदेश दिएको छ ।
कोरोना भाइरसका कारण लकडाउन भएपछि हिमा गाउँपालिकाले राहत वितरण गर्दा म्याद नाघेको नुन वितरण गरेको भन्दै सोही गाउँपालिका- १ का प्रतिभा शाही र नेत्रबहादुर शाहीले ७ बैशाखमा रिट दायर गरेपछि अदातलले ९ बैशाखमा उक्त आदेश गरेको हो ।
उच्च अदालत सुर्खेत, जुम्ला इजलासका मुख्य न्यायाधीश रत्नबहादुर बागचन्दका अनुसार म्याद नाघेको नुनका विषयमा हिमा गाउँपालिका र गाउँ कार्यपालिकाको नाममा रिट दायर भएको थियो ।
आदेश जारी नहुनु पर्ने कुनै कारण र आधार भए, सोको सबुद प्रमाणसमेत संलग्न राखी बाटाका म्याद बाहेक १५ दिन भित्र कानुन बमोजिम लिखित जवाफ दिन विपक्षका नाममा जादेश जारी भएको आदालतले जनाएको छ ।
रिटमा अन्तरिम आदेश माग गरिएको देखिंदा अन्तरिम आदेश जारी हुने नहुने भन्ने सम्वन्धमा दुवै पक्षको बैशाख ११ गते भिडियो कन्फ्रेन्स प्रविधिको माध्यमबाट बहस हुने पनि अदालतले जनाएको छ ।
म्याद नाघेको नुनका विषयमा जिल्ला प्रशासन कार्यालय जुम्लाले सिंजा गाउँपालिकाको नराकोटस्थित साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड डिपो कार्यालयसँग २८ चैतमा लिखित जवाफ मागेको थियो । लिखित जवाफ चित्तबुझ्दो नआएपछि ४ बैशाखमा उक्त डिपो शिलबन्दी गरिएको प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेले बताउनुभयो ।
प्रशासनले अनुगमन गर्दा हिमा गाउँपालिका- १ का नरेन्द्र विक र बबरजंग शाहीले राहतमा पाएको नुनको उत्पादन मिति क्रमशः २०१६ र २०१७ उल्लेख गरिएको थियो । उक्त नुन दुई बर्षसम्म खान मिल्ने उल्लेख भएको प्रशाासनले जनाएको छ ।
हिमा गाउँपालिकाका अध्यक्ष रजबहादुर शाहीका अनुसार गाउँपालिकाले अग्रिम जानकारी गराउँदा गराउँदै डिपोबाट म्याद सकिएको नुन बेचेको बताउनुभयो । उहाँका अनुसार नुन खरिद गर्नु पूर्व डिपो प्रमुखसँग म्याद नसकिएको, डल्ला नपरेको, कुनै समस्या नहुने गरि नुन उपलब्ध गराउन आग्रह गरिएको थियो । नुन वितरण रोक्न प्रशासनले पत्रचार गरेपछि २८ चैतदेखि वितरण रोकिएको छ । वितरित नुन पनि स्थानीयको घरबाट संकलन गरी डिपोलाई फिर्ता गरिएको उहाँले बताउनुभयो ।
साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड डिपो नराकोटका प्रमुख खगेन्द्र मल्लका अनुसार म्याद नाघेको नुनमा आयोडिन भए-नभएको परीक्षणका लागि पठाउने तयारी भैरहेको छ ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** वीरेन्द्रनगर नगरपालिका र स्थानीय प्रशासनको समन्वयमा विभिन्न जिल्लाबाट फर्किरहेका कर्णालीका नागरिकलाई प्रदेशको सिमानामा पर्ने बबई पुलबाट उद्दार गरिएको छ ।
नगरपालिकाको आश्रयस्थल तथा पूर्वसावधानी गृह व्यवस्थापन समितिका संयोजक हरि क्षेत्रीका अनुसार कालिकोटका १, सुर्खेतको पञ्चपुरीका २९, बराहतालका ११, चौकुनेका ९ र वीरेन्द्रनगरका २२ जनालाई

उद्दार गरिएको हो । अन्यलाई सम्बन्धित स्थानीय निकायमा पुऱ्याएको र वीनपाका २२ जनालाई आश्रय स्थलमा राखिएको संयोजक क्षेत्रीले बताउनुभयो ।

**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**